# ग्राउटिङ वर्कर
# स्किल्ड ट्रेड टेस्ट
# नमुना प्राक्टिकल प्रश्नपत्र

此文件關於灌漿大工工藝測試考題。如有需要索取此文件的中文版本，請致電2100 9000與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Grouting Worker. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

## डिस्क्लेमर

*CICको लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन ।*

## सोधपुछहरू


यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरHong Kong )
(Construction Industry Trade Testing Centreलाई निम्न ठेगानामा सोध्न सकिन्छ:

| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | : (852) 2100 9000 |
| फ्याक्स नम्बर | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

## ग्राउटिङ वर्करका लागि ट्रेड टेस्ट

ट्रेड: ग्राउटिङ वर्कर (Grouting Worker)

ग्रेड: स्किल्ड वर्कर (Skilled Worker)

परीक्षाका विषयवस्तु : कृपया प्रश्नपत्रका आवश्यकताहरू अनुसार तोकिएको स्थानमा निम्न कार्यहरू पूरा गर्नुहोस्- :

1. ग्राउटिङभन्दा पहिले निम्न गुणस्तर परीक्षणहरूका लागि स्लरी बनाउनका लागि पूर्व-निर्धारित घोल्ने) मिश्रण (अनुपातलाई पालना गर्नुहोस्: (10%)

   (i) फ्लो टेस्ट;
   (ii) ब्लीडिङ टेस्ट।

2. तैयारीको आवश्यक कार्य पूरा गरिसकेपछि: (90%)

   (i) ∅ 150mmकेसिङमा सिमेन्ट मोर्टार भर्नका लागि मेकानिकल-प्याकर ग्राउट विधि प्रयोग गर्नुहोस्:

   a. ग्राउटिङ मेसिन सही अवस्थामा छ कि छैन भनेर चेकजाँच गर्नुहोस्।

   b. सुरक्षित तरिकामा हाइ प्रेसर होजलाई ग्राउटिङ मेसिनमा सही तरिकामा जोड्नुहोस्।

   c. ∅ 150mmकेसिङमा मेकानिकल प्याकर जडान) इन्स्टल (गर्नुहोस्।

   d. तोकिएको प्रेसर(4 bars/ 58 lbf) सम्म नपुगिँदासम्म ∅ 150mmकेसिङमा सिमेन्ट मोर्टार भर्नका लागि एअर-प्याकर ग्राउटिङ विधि प्रयोग गर्नुहोस्।

   (ii) ∅ 150mmकेसिङमा सिमेन्ट मोर्टार भर्नका लागि एअर-प्याकर ग्राउटिङ विधि प्रयोग गर्नुहोस्:

   a. ग्राउटिङ मेसिनसही अवस्थामा छ कि छैन भनेर चेकजाँच गर्नुहोस्।

   b. सुरक्षित तरिकामा हाइ प्रेसर होजलाई ग्राउटिङ मेसिनमा सही तरिकामा जोड्नुहोस्।

   c. ∅ 150mmकेसिङमा एअर-प्याकर जडान) इन्स्टल (गर्नुहोस्।

   d. प्रे तोकिएको सर (3.5 bars/ 51 lbf) सम्म नपुगिँदासम्म ∅ 150mmकेसिङमा सिमेन्ट मोर्टार छिराउनका लागि ग्राउटिङ मेसिन प्रयोग गर्नुहो।

(iii) ∅ 150mmकेसिङमा सिमेन्ट मोर्टार भर्नका लागि इन्फ्लुअन्ट पाइप विधि प्रयोग गर्नुहोस्

a. ग्राउटिङ मेसिन सही अवस्थामा छ कि छैन भनेर चेकजाँच गर्नुहोस् ।

b. सुरक्षित तरिकामा हाइ प्रेसर होजलाई ग्राउटिङ मेसिनमा सही तरिकामा जोड्नुहोस् ।

c. ∅ 150mmकेसिङमा सिमेन्ट मोर्टार भर्नका लागि सही विधि प्रयोग गर्नुहोस् ।

d. तोकिएको प्रेसर (3.5 bars/ 51 lbf) सम्म नपुगिँदासम्म ∅ 150mmकेसिङमा सिमेन्ट मोर्टार छिराउनका लागि ग्राउटिङ मेसिन प्रयोग गर्नुहोस् ।

(iv) ∅ 150mmकेसिङभित्रको रेजिड्युल) बाँकी (मोर्टार सफा गर्नका लागि प्रेसर-वाशिङ विधि प्रयोग गर्नुहोस् ।

a. प्रेसर वाशिङका लागि सबै उपकरणहरूलाई सही तरिकामा जोड्नुहोस् ।

b. ∅ 150mmकेसिङलाई सही तरिकामा सफा गर्नुहोस् ।

(v) काम पूरा भएपछि समानहरूलाई मिलाउने ,सरसफाइ र मेन्टेनेन्स गरिनुपर्छ ।

परीक्षार्थीले प्रेसरको पूर्व-निर्धारित एकाइ पुष्टि गर्नका लागि हस्ताक्षर गर्नुपर्छ:

__________________________________

परीक्षाको समय अवधि: 3 घण्टा (समानहरूलाई मिलाउने र सरसफाइको कामसहित)

ध्यान दिनुपर्ने कुराहरू:

(1) परीक्षार्थीले परीक्षासम्बन्धी दिइएका आवश्यकताहरूलाई पढ्नुपर्छ ;

(2) यदि परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गर्न सकेनन्/सरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछर;

(3) यो प्रश्नपत्र 5 पृष्ठको छ। पूर्णाङ्क) फुल मार्क 100 (हो। उत्तीर्णाङ्क) पास मार्क 60 हो।

परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।

2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ ।

3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र ,ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ ।

4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ ।

5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन् ।

6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ ।

7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ ।

8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन ।

9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन ।

10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ) नम्बर दिने (गरिन्छ:

   a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
   b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
   c) कार्यहरूको) काम गर्ने (प्रक्रियाहरू
   d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
   e) कार्यहरूको प्रगति
   f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
   g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने
   h) सुरक्षा सावधानीहरूको पालना
   i) अरु ट्रेडहरूको बारेमा विचार पुर्‍याउने
   j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ।

12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ।

13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ।**